# म्याङलुङ नगरपालिकाको गरीव तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७५

म्याङलुङ नगरपालिकाको

## गरीव तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७५

प्रमाणिकरण मिति :२०७५।०८।२३

प्रस्तावना :

म्याङलुङ नगर क्षेत्र भित्रका विपन्न तथा गरीव जनता वा गरीव परिवारका सदस्यहरुलाइ गरीवीका कारण विभिन्न रोगको उपचार गर्न नसकी उपचार अभावकै कारण समस्यामा पर्ने विपन्न गरीव परिवारका सदस्यहरुलाइ सहयोग वा उपचार खर्च उपलब्ध गराउन कार्यविधि वनाउन वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन को दफा १०२ र म्याङलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमिति गर्ने ऐन २०७५ को दफा ३ ले दिएको अधिकार वमोजिम म्याङलुङ नगरपालिकाको गरीव तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७५ वनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम गरीव तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अन्य अर्थ नलागेमा कार्यविधिमा,

(क) "ऐन" भन्नाले म्याङलुड नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले म्याडलुङ नगरपालिका को गरीव तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७५ सम्झनु पर्छ ।

(ग) "प्रभावित व्यक्ति" भन्नाले विभिन्न रोग लागि उपचारको लागि सहयोगको याचना गर्ने विपन्न परिवारको व्यक्ति वा मानव वा चेलिवेछि वेच विखन मा परेका र वैदेशिक रोजगारीको शिलशिलामा ठगी वा परिवन्दमा परेका लगायत विभिन्न मानवीय विपत्तीमा परेर नगरपालिका सामु आर्थिक सहयोगको माग गर्ने व्यक्ति लाइ सम्झनु पर्छ ।

(घ) "गरीव वा विपन्न परिवार" भन्नाले नगरपालिकाले कुनै सर्वेक्षण मार्फत विपन्न वा गरीव भनि पहिभचान गरेको परिवार वा नेपाल सरकारले गरीवीको परिचय पत्र प्रदान गरेको परिवार वा वडा

कार्यालयले आर्थिक अवस्था कमजोर भएको भनि सिफारिस गरेको नगरवासी परिवार वा परिवारको सदस्यलाइ सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले गरीव तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७५ अन्तारगत गठन भएको समितिलाइ सम्झनु पर्छ ।

परिच्छेद २

समितिको गठन, काम कर्तव्यर अधिकार

३. गरीव तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउन समितिको गठन : (१) नगरपालिकामा उपचार खर्च लगायत विशेष आपद विपदमा परेका प्रभावित व्यक्तिवाट माग हुने आर्थिक सहयोग लाइ औचित्यपुर्ण र प्रभावकारी वनाउन एक समिति रहनेछ ।

(२) समितिको गठन देहाय वमोजिमको हुनेछ :

(क) नगर प्रमुख – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ग)नगर प्रमुखले तोकेको कार्यपालिकाको एक महिला र एक पुरुष सदस्य – सदस्य

(घ) नगरपालिका को योजना अनुगमन तथा प्रशासकीय अधिकृत – सदस्य सचिव

४. (१) संयोजकले तोकेको मिति समय र स्थानमा समितिको वैठक वस्नेछ ।

(२) समितिको वैठक सम्वन्धि व्यवस्थाः संयोजक को परामर्श अनुसार समितिको वैठक सदस्य सचिवले मिति र स्थान तोकि वोलाउनेछ । वैठकमा छलफल हुने विषय सुचि समेत सदस्य सचिवले वैठक वोलाउँदा सदस्यहरुलाइ सुचना दिनु पर्नेछ ।

३) वैठक तत्काल वस्नुपर्ने आवश्यकता परेमा संयोजकले जुनसुकै अवस्थामा पनि वैठक वोलाउन सक्नेछ ।

(४) समितिको संयोजकले वैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिले आवश्यकता अनुसार विभिन्न संघ संस्था को प्रतिनिधि तथा विज्ञलाइ वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिले नगरसभा वाट विपन्न उपचार सहयोग कार्यक्रम स्विकृत गराइ स्विकृत वजेट मातहत औचित्यताको आधारमा आवश्यकता र औचित्यताको आधारमा प्रभावित व्यक्तिहरुलाइ राहत उपलब्ध गराउनेछ ।

(७) समितिले यो कार्यविधिको मर्म अनुसार सहयोग गर्ने गराउने संघ संस्था तथा व्यक्तिहरु सँग समन्वय गर्ने गराउने कार्य गर्नेछ ।

(८) प्रभावित व्यक्तिको वास्तविकताको वारेमा आवश्यकता परेमा समितिले छानविन र अध्ययन गर्नेछ । र उनको विपत्ति वा निवेदनको अवस्थाको मुल्यांकन गर्नेछ ।

(९) प्रभावित व्यक्तिहरुको लागि आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकार सँग सहकार्य गर्ने ।

परिच्छेद ३

उपचार खर्च वा राहत उपलब्ध गराउने

(१) समिति ले प्रभावित व्यक्तिहरुलाइ उनीहरुले पेश गरेको निवेदन, उनीहरुलाइ लागेको रोग, उनीहरुको आर्थिक अवस्था आदिको विश्लेषण गरि औचित्यताको आधारमा उपचार खर्च वा आर्थिक सहायता उपलब्ध गराउने छ ।

(२) सहयोग रकम वा सहायता रकम प्रदान गर्दा प्रभावित व्यक्तिको रोग वा विपत्ति तथा आर्थिक अवस्था सवैलाइ ख्याल गरि रु. २ लााख सम्म आर्थिक सहयोग गर्न सकिनेछ ।

(३) रु रु. १ लाख सम्मको सहायता रकम समितिको संयोजकको एकल निर्णयले स्विृत  गर्न सक्नेछन् ।

(४) रु. १ लाख भन्दा माथिको रकम स्विकृत गर्नको लागि समितिको वैठक अनिवार्य रुपमा वस्नुपर्नेछ वा समितिको वैठकले मात्र स्विकृत गर्न सक्ने छ ।

(५) दफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको वैठकले सवै खर्चहरु, सहायता रकमहरु र  निर्णयहरु अनुमोदन गर्नु पर्ने छ ।

परिच्छेद ४

आर्थिक सहयोग माग गर्दा देहाय वमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । विव

(१) कुनै रोग विशेष वा विरामीको सन्दर्भमा नेपाल मेडिकल काउन्सिल मा दर्ता वा सरकारी अस्पतालका डाक्टरले सिफारिस गरेको रोगको अवस्था खुल्ने पुर्जि वा कागजातहरु ।

(२) विरामि उपचार गर्न अन्य अस्पतालमा लैजानु पर्ने खुल्ने गरिको सिफासिर वा कागजातहरु ।

(३) नेपाली नागरिकताको प्रमाणपत्र

(४) उपलब्ध भएको भए गरीवी खुल्ने परिचय पत्र वा सिफारिस पत्र ।

(५) विदेशमा अलपत्र वा विपत्तिमा परेको खुल्ने कागजात वा वडाको सिफारिस पत्र ।

परिच्छेद ५

खारेजी र वचाउ

खारेजी र वचाउ : (१) यो कार्यविधि जारी हुनु भन्दा पुर्व नगरपालिका ले यो कार्यविधि सँग सम्वन्धित गरेको सम्पुर्ण खर्चहरु यसै कार्यविधि अन्तरगत खर्च भएको मानिनेछ ।

म्याङलुङ नगरपालिका नगर कार्यपालिका म्याङलुङ, तेह्रथुम

संजय कुमार तुम्वाहाङ्फे
नगर प्रमुख